नगर कार्यपालिकाको कार्यालय

लुम्बिनी प्रदेश, नेपाल

प.सं.:- २०८३/०८४ च.नं. मिति :-२०८३/०६/०८

पशु सेवा केन्द्रका लागि पशुपन्छी औषधी तथा रेविज र डिस्टेम्पर खोप खरिदसम्बन्धी बोलपत्र सूचना

प्रथम पटक प्रकाशित मितिः- २०८३/०६/०८ गते

लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय, पशु सेवा उपशाखाको चालु आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार पशु सेवा केन्द्रका लागि पशुपन्छी औषधी तथा रेविज र डिस्टेम्पर खोप खरिद गर्नुपर्ने भएकोले बजेट शीर्षक नं. २७२१३ र २२५२२ अन्तर्गत यस कार्यालयको मिति २०८३/०६/०१ गतेको निर्णयानुसार पशुपन्छी औषधी तथा खोप खरिद गर्न सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकाले इजाजत प्राप्त इच्छुक व्यवसायी/फर्महरूबाट देहायका शर्तहरूको अधीनमा रही रीतपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१) बोलपत्र खरिद गर्न इच्छुक व्यवसायी/फर्महरूले प्रथम पटक सूचना प्रकाशित भएको मितिले २१ औं दिन अर्थात् मिति २०८३/०६/२८ गतेसम्म कार्यालय समयभित्र चालु आ.व. का लागि नवीकरण भएको फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्र, औषधी व्यवस्था विभागको दर्ता प्रमाणपत्र, आ.व. २०८२/०८३ को कर चुक्ता प्रमाणपत्र वा म्याद थपको प्रमाणपत्र तथा बोलपत्र खरिद तथा दाखिला गर्न अधिकार प्रत्यायोजन गरिएको भए सोसम्बन्धी सक्कल पत्र/निवेदन पेश गरी नियमानुसार लाग्ने रु. ३,०००।– (तीन हजार रुपैयाँ मात्र) बोलपत्र दस्तुर लमही नगरपालिका कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, लमही, दाङमा रहेको आन्तरिक राजश्व खाता नं. ४२९०१००३०१०१०००२ मा जम्मा गर्न सकिनेछ। कार्यालयको कोडः- ८०१०५५६०३ / राजस्व शीर्षक नं.:- १४५२९

२) प्रथम पटक सूचना प्रकाशित भएको मितिले २१ औं दिन अर्थात् मिति २०८३/०६/२८ गते बेलुका ५:०० बजेसम्म बोलपत्र फारम खरिद गर्न सकिनेछ। खरिद गरिएको बोलपत्र २२ औं दिन अर्थात् मिति २०८३/०६/२९ गते दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गरी पेश गर्नुपर्नेछ। बोलपत्र कार्यालयको नाममा सम्बोधन गरी बोलपत्रदाताको नाम, ठेगाना, फोन नं. तथा सहीछाप उल्लेख गरी सिलबन्दी/लाहाछाप लगाइएको खाममा पेश गर्नुपर्नेछ। खामको बाहिर कामको विवरण तथा बोलपत्र नं. स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ।
यसरी दर्ता भएका बोलपत्रहरू मिति २०८३/०६/२९ गते दिनको १:०० बजे यस कार्यालयमा विभिन्न कार्यालयका प्रतिनिधि तथा बोलपत्रदाता वा निजले अख्तियारी दिई पठाएको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

३) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४०(ङ) बमोजिम बोलपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको तथा सम्बन्धित पेशा वा व्यवसायसम्बन्धी कसूरमा कुनै सजाय नपाएको भनी लिखित रूपमा स्व:घोषणा गरेको स्व:घोषणापत्र बोलपत्रसाथ पेश गर्नुपर्नेछ। अन्यथा बोलपत्र स्वीकार गरिने छैन।

४) बोलपत्र धरौटी बापत तपसिलमा उल्लेख भएबमोजिमको रकम लमही नगरपालिका कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, लमही, दाङमा रहेको धरौटी खाता नं. ४२९०१००३०३०००००२ मा दाखिला गरेको सक्कल बैंक भौचर वा यस नगर कार्यपालिकाको नाममा मान्यता प्राप्त बैंकबाट जारी गरिएको, बोलपत्र दाखिला गर्ने अन्तिम दिनबाट गणना हुने गरी १२० दिन अवधि (Validity) भएको सक्कल Unconditional Bid Bond संलग्न गरी पेश गर्नुपर्नेछ। यसरी पेश गरिने जमानतबापतको भौचर/रसिद सूचना प्रकाशित भएको मितिपश्चात्को हुनुपर्नेछ।

५) बोलपत्रमा कबोल गरेको दररेट अंक र अक्षर दुवैमा स्पष्ट रूपमा लेख्नुपर्नेछ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ। केरमेट भएको स्थानमा बोलपत्रदाताको सहीछाप हुनुपर्नेछ। साथै BOQ मा बोलपत्रदाताले प्रत्येक पानामा सही र छाप लगाएको हुनुपर्नेछ ।

६) पशुपन्छी औषधी तथा पशुपन्छीजन्य सामग्रीहरू WHO-GMP मापदण्डअनुसार प्रमाणित/मान्यता प्राप्त हुनुपर्नेछ र औषधीको म्याद कम्तीमा ७५ प्रतिशत बाँकी हुनुपर्नेछ। म्याद नाघेको, रीत नपुगेको वा कुनै पनि सर्त राखी पेश गरिएको बोलपत्र उपर कुनै कारबाही गरिने छैन।

७) बोलपत्रसम्बन्धी सम्पूर्ण कार्य यस सूचनामा उल्लेख भए बमोजिम र यसमा उल्लेख नभएका विषयमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा नेपाल सरकारका प्रचलित कानून बमोजिम हुनेछ।

८) बोलपत्र खरिद गर्ने तथा पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा उक्त कार्यहरू क्रमशः कार्यालय खुलेको अर्को दिन हुनेछ।

९) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१०) अन्य कुनै कुरा बुझ्नुपर्ने भएमा यस नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क गरी जानकारी लिन सकिनेछ।

११) बोलपत्रमा पेश गरेको मूल्य आ.व. २०८३/०८४ का लागि मान्य हुने भएकाले आषाढ मसान्तसम्म कुनै पनि प्रकारको मूल्यवृद्धि स्वीकार गरिने छैन। पेश भएका बोलपत्रहरूमध्ये प्राविधिक रूपमा सफल तथा सारभूत रूपमा प्रभावग्राही बोलपत्रहरूको आर्थिक प्रस्तावको मूल्याङ्कन एकमुष्ट विधिका आधारमा गरिनेछ।

तपसिल

क्र.स	विवरण	बोलपत्र नं.	लागत अनुमान रकम रु	बोलपत्र दस्तुर रु	बोलपत्र धरौटी रकम
१.	सेवा केन्द्रका लागि पशुपन्छी औषधीका साथै रेविज र डिस्टेम्प खोप खरिद	०१-पशु सेवा-२०८३/०८४	२२,९९,९९६।– (बाइस लाख उनान्सय हजार नौ सय छयानब्बे रुपैयाँ मात्र)	३,०००।– (तीन हजार रुपैयाँ मात्र)	६९,०००।– (उनान्सत्तरी हजार रुपैयाँ मात्र)

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत